# नक्कली नमूना संयुक्त राष्ट्र*

परिचय: सहभागीहरुले नमूना संयुक्त राष्ट्रले कसरी काम गर्छ भन्ने बारे विस्तृत रुपमा बुझ्नेछन्। उनीहरुले विश्वका विभिन्न देशका कूटनीतिज्ञका रुपमा आफुलाई प्रस्तुत गर्नेछन्। उनीहरुले इन्टरनेटमा अनुसन्धान लेख र पत्रिकाहरू पढ्न सिक्नेछन्। उनीहरुले हालको जलवायु संकट र यसले खाद्य उत्पादनमा पार्ने प्रभाव साथै खाद्य उत्पादनका विकल्पहरूका बारेमा संयुक्त राष्ट्र संघमा जस्तो नक्कल गर्दै गोलमेच वार्ता गर्नेछन्।

## जलवायु परिवर्तन गतिविधिहरू

### समय

विद्यालय प्रशासकहरूको मार्गदर्शनमा विद्यालयमा २ दिनको कार्यक्रम आयोजना गर्न सकिन्छ

### कठिनाइ

कठिन (कडा)

### संसाधनहरू

- कूटनीतिज्ञहरूका लागि आयताकार रूपमा बस्ने व्यवस्था भएको एउटा कोठा
- मध्यस्थता समितिका लागि एउटा डेस्क
- अन्तर्राष्ट्रिय प्रेसका लागि एउटा डेस्क र मेच
- सहभागीहरूका लागि नोटबुकहरू तथा कलमहरू
- देशको नाम र प्रयोजन सहितको प्लेकार्ड
- आयोजकहरूले आवश्यक ठानेका अरू कुरा

पुनश्च: एजेन्डाहरू र छलफलहरू जलवायु परिवर्तन र खाद्य उत्पादनमा यसको प्रभावमा मात्र सीमित हुनेछन्।

*यो गतिविधि टावरगानिक्स असीमित परियोजनामा जोडिएको सिकाइको निरन्तरताको रूपमा सिर्जना गरिएको थियो।



# नक्कली नमूना संयुक्त राष्ट्र*

**चरण १**

- सात सहभागी हरेकलाई कुनै एक निश्चित देशको नाम दिईनेछ। वार्ताको अध्यक्ष, सहअध्यक्ष र निर्देशकका रुपमा तीनजना सहभागी रहनेछन्। यी तीन नाम दिईएका व्यक्तिहरुलाई दस्तावेजको अर्को भागमा मध्यस्थता समितिको रूपमा उल्लेख गरिनेछ। समितिमा दुई जना सहभागी अन्तर्राष्ट्रिय प्रेसको रूपमा रहनेछन्।

**चरण २**

- जलवायु संकट र खाद्य उत्पादनमा पर्ने असरका विषयमा कूटनीतिज्ञहरुले मध्यस्थता समिति समक्ष एजेन्डाहरू उठाउनेछन्। खाद्य उत्पादनका वैकल्पिक विधिहरु जस्तै ठाडो खेती, हाइड्रोपोनिक्स, एरोपोनिक्सको बारेमा छलफल गरिनेछ।

**चरण ३**

- मध्यस्थता समितिले छलफललाई निष्कर्षमा पुर्‍याउनेछ।

**चरण ४**

- प्रत्येक छलफलसँग सम्बन्धित निष्कर्षहरु अन्तर्राष्ट्रिय प्रेसद्वारा रिपोर्ट गरिनेछ।

**चरण ५**

- उत्कृष्ट कूटनीतिज्ञ र उत्कृष्ट रणनीतिकारलाई मध्यस्थता समितिले पुरस्कृत गर्नेछ।



# नक्कली नमूना संयुक्त राष्ट्र*

## कूटनीतिज्ञहरुका जिम्मेवारीहरु

- जलवायु स्थिति, जलवायु परिवर्तनले मुख्यतया तपाईलाई तोकिएको देशको खाद्य उत्पादनमा पार्ने प्रभावहरूको तपाईले अनुसन्धान गर्नुहुन्छ भन्ने सुनिश्चित गर्नुहोस्।
- अनुकरण गर्दा मर्यादा कायम राख्नुहोस् र आफूलाई फुर्तिलो तरिकाले प्रस्तुत गर्नुहोस् (याद राख्नुहोस् तपाईं यहाँ आफ्नो देशको प्रतिनिधित्व गर्दै हुनुहुन्छ)।
- तपाइँ समितिमा महत्वपूर्ण मुद्दाहरू उठाउनुहुन्छ र तपाइँको छलफल स्वस्थ र समाधान केन्द्रित छ भन्ने सुनिश्चित गर्नुहोस्।

## मध्यस्थता समितिका जिम्मेवारीहरु

- समिति संयमित छ र सहभागीहरुले पालैपालो र सोधेपछी मात्र बोल्छन् भन्ने सुनिश्चित गर्नुहोस्।
- कूटनीतिज्ञहरुलाई उनीहरुको देशको नामबाट सम्बोधन गरिने सुनिश्चित गर्नुहोस्।
- छलफलहरू नीरस छैनन् भन्ने सुनिश्चित गर्नुहोस् र एक सम्झौतामा पुग्नुहोस्
- छलफल सत्रको समयमा मनोरञ्जन र थप हल्का कुराकानीका लागि स्थान सुनिश्चित गर्नुहोस्
- कूटनीतिज्ञहरूलाई उनीहरूको प्रस्तुति, बोल्ने शैली, उनीहरूले उठाएका एजेन्डाका बुँदाहरू, छलफलको क्रममा उनीहरूको संलग्नता र उनीहरूको कूटनीतिको आधारमा मूल्याङ्कन गर्नुहोस्
- छलफल सत्रहरूमा पूर्वाग्रहहरूको कुनै पनि प्रकृतिबाट टाढा रहनुहोस्

(अध्यक्ष, सह-अध्यक्ष र निर्देशकको व्यक्तिगत जिम्मेवारीहरू आयोजक समितिले तोक्न सक्नेछ)

## अन्तर्राष्ट्रिय प्रेसका दायित्वहरू

- समितिमा छलफल भएका विषयहरूको प्रतिवेदन
- फोटोहरू र छोटो क्लिपहरू खिच्नुहोस्
- कार्यक्रमको समाचार तयार गरी अन्तिम दिन समिति समक्ष पेश गर्नुहोस्

